श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ को दफा ४ प्रयोग गरी श्री ५ को सरकारले मिति २०३०।८।१५।६ को निर्णयबमोजिम "पोखरा नगर योजनाको कार्यान्वयन समिति" देहायबमोजिम गठन गरेकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

१. समिति गठन विधिः–

(क) अध्यक्षः– गण्डकी अञ्चलका अञ्चलाधीश ।

(ख) उपाध्यक्षः– कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी ।

(ग) सदस्यः– अध्यक्षले आवश्यकता अनुसार समय समयमा तोकेको बढीमा पन्ध्र जना व्यक्ति ।

(घ) सदस्य सचिवः– अध्यक्षले तोकेको कुनै एक जना व्यक्ति ।

२. समितिले आफ्नो आन्तरिक कार्य व्यवस्था तथा कार्यविधि आफैं निर्धारित गर्न सक्नेछ ।

आज्ञाले–

रामचन्द्र मलहोत्र

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२